REGIONAL NEWS UNIT

BROADCAST: 18:40 hrs Date: 19.01.2024

यो आकाशवाणी गान्तोक हो।

## FC Chairman-Gangtok

देशका सोह्रौं वित्त आयोगका अध्यक्ष श्री अरविन्द पनगरिया सिक्किमको पाँचदिने आधिकारिक भ्रमणका लागि आज गान्तोक आइपुग्नुभयो। उहाँ आजदेखि जनवरी 23 सम्म भ्रमणमा रहनुहुनेछ। उहाँका साथमा श्रीमती अमिता पनगरिया, आयोगका सदस्यद्वय श्री अजय नारायण र सुश्री एनी जर्ज म्याथ्यू अनि अन्य अधिकारीहरू रहेका छन्। सिक्किम सरकारका मुख्य प्रशासक एवं क्याबिनेट सचिव, श्री भिबी पाठक र मुख्य सचिव श्री आर तेलंगले उहाँलाई बुर्तुक हेलिप्याडमा स्वागत गर्नुभयो। डीजीपी श्री अक्षय सचदेवालगायत सिक्किम सरकारका विभिन्न विभागका अधिकारीहरू पनि त्यहाँ उपस्थित थिए। होटल मेफेयरमा गृह विभागका सचिव सुश्री केसाङ डी रेचुङ र वित्त विभागका निर्देशक श्री कर्मा ग्याछो दावा अनि वित्त विभागका अन्य अधिकारीहरूले आयोग अध्यक्ष श्री पनगरियालाई स्वागत जनाए।

## MANN KI BAAT

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज आकाशवाणीमा आफ्नो मन की बात कार्यक्रमको एक सय अठारौं प्रकरणमा राष्ट्रलाई सम्बोधन गर्दै, अन्तरिक्ष क्षेत्रमा राष्ट्रको हालैका उपलब्धिहरूको प्रशंसा गर्नुभयो। उहाँले दूरदर्शी वैज्ञानिक र आविष्कारकहरूले भावी चुनौतीहरूको समाधान प्रदान गरेकाले, अन्तरिक्ष प्रविधिमा देशले नयाँ मापदण्डहरू कायम गरिरहेको बताउनुभयो। प्रधानमन्त्रीले देशको पहिलो निजी स्याटेलाइट कन्सटेलेशन 'फायरफ्लाई'-लाई आत्मनिर्भरता तर्फको महत्त्वपूर्ण कदमको संज्ञा दिनुभयो। उहाँले 75 औं गणतन्त्र दिवसको अग्रिम शुभकामना दिँदै, यो वर्ष संविधान लागू भएको 75 औं वर्षगाँठ मनाइने भएकाले, उत्सव विशेष रहने बताउनुभयो। उहाँले संविधान निर्माणमा योगदान पुर्‍याउने संविधानसभाका सदस्यहरूलाई नमन गर्दै, बाबा साहेब डा.

अम्बेडकर, डा. राजेन्द्र प्रसाद र डा. श्यामा प्रसाद मुखर्जीलाई स्मरण गर्नुभयो र यी महान् नेताहरूको विचारबाट देशवासीले प्रेरणा लिनुपर्ने बताउनुभयो। प्रधानमन्त्रीले 25 जनवरीमा मनाइने राष्ट्रिय मतदाता दिवसको महत्त्वलाई पनि जोड दिनुभयो। उहाँले उत्तर प्रदेशको प्रयागराजमा चलिरहेको महाकुम्भलाई समानता र सद्भावको संगम भन्नुभयो। साथै, उहाँले नेताजी सुभाषचन्द्र बोसको योगदानको स्मरण गर्दै, नेताजीका जन्मजयन्ती जनवरी 23 लाई देशले पराक्रम दिवसका रूपमा मनाउने बताउनुभयो।

## CM-Sonam Lochar

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आगामी जनवरी 27 तारिख मनाइने राज्यस्तरीय सोनाम ल्होछार महोत्सवको तयारीको समिक्षा र आकलन गर्न आज सोरेङस्थित जौटार स्टेडियमको भ्रमण गर्नुभयो। मुख्यमन्त्रीले अधिकारीहरूसँग संलग्न भई सबै व्यवस्था कुशलतापूर्वक र उच्चतम मापदण्डअनुसार कार्यान्वयन गर्ने सुनिश्चित गर्न महत्त्वपूर्ण निर्देशनहरू जारी गर्नुभयो। उहाँले यो महत्त्वपूर्ण उत्सव मनाउने विषयमा ध्यान केन्द्रित गर्दै, संलग्न टोलीहरूबीच सावधानीपूर्वक योजना र समन्वय हुनुपर्ने महत्त्वमा जोड दिनुभयो।

## Dafey Munal Nritya

हिजो चौधौँ सिक्किम सारस व्यापार मेला जोरथाङमा डाँफे मुनाल नृत्य प्रतियोगिता आयोजित गरियो। यो कार्यक्रम दसदिने सारस व्यापार मेलाको एक भाग हो, जसले सिक्किम र अन्य राज्यहरूका स्वयं सहायता समूहहरूलाई आफ्ना उत्पादन, संस्कृति र प्रतिभाहरू प्रदर्शन गर्न एउटै मञ्चमा ल्याउँदछ। यस मेलाले सांस्कृतिक आदानप्रदान, आर्थिक वृद्धि र सामुदायिक अन्तरक्रियाको केन्द्रका रूपमा काम गर्छ र स्वयं सहायता सदस्यहरूलाई एकअर्काबाट सिक्ने र ठूलो बजारमा पहुँच पाउने अवसर प्रदान गर्दछ। सारस मेलामा पहिलो पटक यो नृत्य प्रतियोगिता आयोजना गरिएको हो। यस प्रतियोगितामा कुल 12 जना प्रतियोगीहरूले आफ्नो जोस र समर्पण देखाउँदै सहभागिता जनाए।

## Women Football-Maghey Mela

माघे संक्रान्ति मेला 2025 को छैटौँ दिन आज अन्तर-जिल्ला खुल्ला महिला फुटबल प्रतियोगिताको फाइनल खेल सोरेङ र गेजिङ जिल्लाबीच सम्पन्न भयो। कार्यक्रममा विधायक श्री देले नामग्याल बर्फुङ्पा र मन्त्री श्री भीम हाङ लिम्बूको उपस्थिति रहेको थियो। निर्धारित समयभित्र दुवैतर्फबाट कुनै गोल हुन नसकेपछि निर्णायक खेल टाइब्रेकरद्वारा तय गरियो। यस फाइनल खेलमा 2-1 गोलको अन्तरले सोरेङ जिल्ला प्रतियोगिताको विजेता र गेजिङ जिल्ला उपविजेता बन्यो। विजेता टोलीले ट्रफी र तीन लाख नगद पुरस्कार अनि उपविजेता टोलीले दुई लाख नगद पुरस्कार प्राप्त गरे।

## Weather

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 14 डिग्री सेल्सियस र न्यूनतम तापमन 7 डिग्री सेल्सियस रेकर्ड गरियो।

आकाशवाणी गान्तोकबाट समाचार पूरा भयो।